**"मीठे बच्चे– तिमी सबैलाई जीवनमुक्तिको मन्त्र दिने सतगुरुका बच्चा गुरु हौ, तिमीले ईश्वरका बारेमा कहिल्यै पनि झूटो बोल्न सक्दैनौ।"**

**प्रश्न:–** सेकेन्डमा जीवनमुक्ति प्राप्त गर्ने विधि अनि त्यसको गायन के छ?

**उत्तर:–** सेकेन्डमा जीवनमुक्ति प्राप्त गर्नको लागि प्रवृत्तिमा रहेर पनि कमल फूल समान पवित्र बन। केवल यस अन्तिम जन्ममा पवित्रताको प्रतिज्ञा गर्‍यौ भने जीवनमुक्ति मिल्छ। यसैमा राजा जनकको उदाहरणको गायन छ– गृहस्थ व्यवहारमा रहेर पनि एक सेकेन्डमा प्रतिज्ञाको आधारमा जीवनमुक्ति प्राप्त गरे।

**गीत:–** यह वक्त जा रहा है...

**ओम् शान्ति।** बाबा आउनु हुन्छ सबैलाई सेकेन्डमा जीवनमुक्ति दिन। गायन पनि छ– सबैको सद्गति दाता, जीवनमुक्ति दाता एक हुनु हुन्छ। एक सेकेन्डमा जीवनमुक्ति किन भनिन्छ? जसरी राजा जनकको उदाहरण छ। उनको नाम जनक थियो तर भविष्यमा उनी नै अनुजनक बन्छन्। जनकको लागि भनिन्छ– उनलाई एक सेकेन्डमा जीवनमुक्ति मिल्यो, अब जीवनमुक्ति त सत्ययुग-त्रेतामा भनिन्छ। गुरुहरूले कानमा मन्त्र दिन्छन्, त्यसलाई वशीकरण मन्त्र पनि भनिन्छ। उनीहरू सबैले त मन्त्र दिन्छन् तर तिमीलाई मिल्छ– महामन्त्र, जीवनमुक्तिको मन्त्र। यो मन्त्र कसले दिन्छ? ब्रह्माकुमार-ब्रह्माकुमारीहरूले। उनीहरूलाई यो मन्त्र कहाँबाट मिल्यो? उनै सतगुरुबाट। सर्वोत्तम त एकै बाबा हुनु हुन्छ। फेरि तिमी बच्चाहरू सर्वात्तम बन्छौ। उनीहरूमा सर्वात्तम गुरु हुन्छन्। तिमी पनि सतगुरुका बच्चा गुरु हौ। गीता सुनाउनेलाई पनि गुरु भनिन्छ। नम्बरवार त हुन्छन् नै। तिमी पनि सत्य बोल्नेवाला गुरु हौ। तिमी कहिल्यै पनि ईश्वरका बारेमा झूटो बोल्न सक्दैनौ। पहिले-पहिले त तिमी पवित्रताको बारेमा नै सम्झाउँछौ, हामी कहिल्यै पनि विकारमा जानेछैनौं भनेर बाबा सँग प्रतिज्ञा गर्नुहोस्। झूटो आदि नबोल्नु, यो त सामान्य कुरा हो। झूट त धेरैबाट निक्लिरहन्छ। तर यहाँ त्यस्तो कुरा छैन। यहाँ छ पवित्रताको कुरा। गृहस्थ व्यवहारमा रहेर पनि यस अन्तिम जन्ममा हामी बाबा सँग प्रतिज्ञा गर्छौं– हामी कमल पुष्पसमान पवित्र रहनेछौं। त्यसैले यहाँ पवित्र रहने कुरा छ। भन्छन्– यहाँ त धेरै उच्च लक्ष्य छ। यो त हुन सक्दैन। तिमीले भन्दछौ– वाह! किन हुन सक्दैन। यो त गायन गरिएको छ– कमल फूल समान... यो दृष्टान्त शास्त्रमा लेखिएको छ। अवश्य बाबाले नै यस्तो शिक्षा दिएको हुनु पर्छ। हो पनि भगवानुवाच वा ब्राह्मण उवाच। भगवानले सबैलाई सुनाउनु हुन्न। ब्राह्मण बच्चाहरूले नै सुन्छन्। यी कुरा तिमीले सबैलाई सम्झाउनु छ। मूल कुरा हो पवित्रताको। कमल फूल समान पवित्र बन्नु छ जनकजस्तै। ती जनक नै फेरि अनुजनक बने। जसरी राधा अनुराधा बन्छिन्। कसैको नाम नारायण छ भने भविष्यमा अनुनारायण बन्छ। यो एक्युरेट कुरा हो। त्यसैले जति पनि आउँछन् उनीहरूलाई सम्झाउनु पर्छ। सुनेका त छन् सेकेन्डमा जीवनमुक्त। गृहस्थ व्यवहारमा रहेर पनि उच्च पद पाउन सकिन्छ। हामी अनुभव सहित भन्छौं, गफ गर्दैनौं। भगवानुवाच– मुख्य कुरा सम्झाउनु छ, भगवान् सबैको बाबा हुनु हुन्छ। अवश्य जीवनमुक्ति दाता पनि उहाँ नै हुनु हुन्छ। यो हो प्रवृत्ति मार्ग। संन्यासीहरूको त हो नै निवृत्ति मार्ग। उनीहरूले कहिल्यै राजयोग सिकाउन सक्दैनन्। उनीहरू त घरबार छोडेर भाग्नेवाला हुन्। उनले यो ज्ञान दिन सक्दैनन्, यो हो राजयोग। गृहस्थ व्यवहारमा रहेर पनि कमल फूल समान पवित्र रहनु छ। सत्ययुगमा पवित्र प्रवृत्ति मार्ग थियो, निर्विकारी दुनियाँ थियो। राजाईंमा स्त्री-पुरुष दुवै चाहिन्छन्। त्यसैले सम्झाउनु पर्छ– हामीलाई अनुभव छ, गृहस्थ व्यवहारमा रहेर पनि कमल फूलसमान रहन सकिन्छ। हामी जान्दछौं– पवित्र बनेर बाबाद्वारा पवित्र दुनियाँको मालिक बन्नेछौं। पवित्र प्रवृत्ति मार्ग थियो, अहिले त अपवित्र प्रवृत्ति मार्ग छ। यो दुनियाँ नै भ्रष्टाचारी छ। त्यो

श्रेष्ठाचारी दुनियाँ थियो। रावणले भ्रष्टाचारी बनाउँछ, रामले श्रेष्ठाचारी बनाउनु हुन्छ। आधाकल्प रावण राज्य चल्छ। भ्रष्टाचारी दुनियाँमा भक्तिमार्ग छ। दान-पुण्य आदि गरिरहन्छन् किनकि भ्रष्टाचार छ। सम्झन्छन्– मनुष्य जति भक्ति, दान-पुण्य गर्छन् त्यसै अनुसार फेरि भगवान् मिल्नुहुन्छ। भगवानको भक्ति गर्छन्। भन्दछन्– आएर हामीलाई श्रेष्ठ बनाउनुहोस्। दुनियाँ श्रेष्ठाचारी थियो। अहिले छैन।

भ्रष्टाचारी नै श्रेष्ठाचारी बन्छ। नयाँ रचनाको कहानी कसैले जानेका छैनन्। चित्रहरूद्वारा राम्ररी सम्झाउन सकिन्छ। यस्ता यस्ता चित्र बनाउनु पर्छ। हरेक सेन्टरमा प्रदर्शनीका चित्र हुनु पर्छ। बाबा निर्देशन दिनु हुन्छ, ठीकै छ, लेख्न सक्छौ– बाबा हामी सँग चित्रहरू छैनन्। त्यसपछि बाबा डायरेक्सन दिनु हुन्छ, फेरि यो बनाएर सबैलाई पठायौ भने सबै सँग प्रदर्शनी हुन्छन्। यी चित्र धेरै अर्थपूर्ण छन्। पहिले-पहिले यो बुद्धिमा आउनु पर्छ– हामी बाबाको बच्चा हौं। भगवान् हुनु हुन्छ स्वर्ग रच्नेवाला। नर्कको रचयिता हो रावण। सृष्टिचक्रको गोलामाथि १० शिरवाला रावणको चित्र बनाइदेऊ। स्वर्गको गोलामाथि चतुर्भुज। लेख्न पनि सक्छौ– यो रामराज्य, यो रावण राज्य। यस समय रावण सर्वव्यापी छ। वहाँ हामी राम सर्वव्यापी त भन्न सक्दैनौं। गायन पनि गरिन्छ– आत्मा-परमात्मा अलग रहे बहुकाल...। त्यसैले अवश्य उहाँ आउनु हुन्छ। यो हिसाब कसैलाई पनि थाहा छैन। पहिले-पहिले अलग भएका हुन् देवी-देवताका आत्माहरू। यो ज्ञान हो, जो कसैलाई पनि सम्झाउनु छ। आत्माहरूको पिता त हुनु हुन्छ नि। अब हे आत्मा, आफ्नो परमपिता परमात्माको कर्तव्यको बारेमा बताऊ। के जान्दैनौ? यस्ता बच्चा त हुँदैनन्, जसले आफ्नो पिताको बारेमा नजानेका हुन्। बाबा बसेर सम्झाउनु हुन्छ तिमी आफ्नो जन्मलाई जान्दैनौ, म सम्झाउँछु। पहिले-पहिले जो देवी-देवता छन् उनीहरूले यति जन्म लिन्छन्। त्यसैले हिसाब गर– अरू धर्मावलम्बीहरूले कति जन्म लिन्छन् होला। सिद्ध गरेर बताउनु पर्छ– धेरैमा यतिसम्म लिन्छन्। वृक्षको वृद्धि भइरहन्छ। पहिले-पहिले देवी-देवताहरू थिए। उनीहरूको नै ८४ जन्म भनिन्छ। यहींको ज्ञान हो नि। प्राचीन भारतको ज्ञान कसले दियो? कृष्णलाई मान्दैनन्। यो भगवानले नै दिनु भएको हो। नलेजफुल गड फादर हुनु हुन्छ नि। ब्रह्मालाई पनि नलेजफुल भनिदैन, कृष्णलाई पनि भनिदैन। कृष्णको महिमा नै अलग छ। यो बुझ्नु पर्ने धेरै स्पष्ट ज्ञान छ। भगवान् त सबैका एकै निराकार परमपिता परमात्मा हुनु हुन्छ। उहाँ हुनु हुन्छ रचयिता। कृष्ण त रचना हुनु हुन्छ। सबै भन्दा उँच भगवान् त एकै हुनु हुन्छ नि। उहाँलाई सर्वव्यापी भनिदैन। यहाँ सबै भन्दा उच्च राष्ट्रपति, फेरि नम्बरवार अरू छन्। सबैको कर्तव्य बताइन्छ। यस्तो त होइन, सबै एउटै हुन्। हरेक आत्मालाई अविनाशी पार्ट मिलेको छ, यो सिद्ध गर्नु छ। आपसमा सल्लाह गरेर सेवाको योजना बनाउनु छ। तर जसको लाइन क्लियर छैन, कुनै विकार छ वा नाम-रूपमा फँसेको छ भने यो कार्य हुन सक्दैन। यसमा लाइन धेरै स्पष्ट चाहिन्छ। रिजल्ट त अन्तिममा नै निस्कन्छ। अहिले सबै नम्बरवार छन्। मनुष्यहरू भन्छन्– यो शास्त्र भगवानले बनाउनु भएको, अब व्यास त भगवान् हुन सक्दैनन्। वास्तवमा धर्मका शास्त्र छन् नै चारवटा। हिन्दूहरूको धर्मशास्त्र त हो नै एक गीता (माता-पिता)। वर्सा उहाँबाटै मिल्छ। पिताको वर्सा माताद्वारा मिल्छ। गीता माताको रचयिता हुनु हुन्छ बाबा। त्यसैले गीताद्वारा नै बाबाले प्राचीन सहज राजयोगको ज्ञान दिनु भएको हो। गीता त हिन्दूहरूको शास्त्र हो। फेरि इस्लामीको धर्म शास्त्र आफ्नो छ, बुद्धको आफ्नो छ, क्रिश्चियनको आफ्नो छ। गीता त हो सबैका माता-पिता, बाँकी शास्त्र हुन् बाल बच्चाहरू। तिनीहरू पछि निस्कन्छन्। बाँकी, यति धेरै वेद-उपनिषद् आदि सबै कुन धर्मका हुन्? यो थाहा त हुनु पर्छ– यो कसले उच्चारण गर्‍यो? त्यसबाट कुनचाहिँ धर्म निस्कियो? कुनै धर्म त छैन। पहिले त सिद्ध गर्नु छ– गीताको खण्डन गरिएको छ। बाबाको सट्टा बच्चाको नाम दिइएको छ। जीवन चरित्र त सबैको अलग-अलग छ। बाबा भन्नुहुन्छ– सर्व धर्मान् परित्यज्य... म एकलाई याद गर। परमात्माले आत्मालाई भन्नुहुन्छ– तिमी अशरीरी बन, मलाई याद गर। अशरीरी बाबाले नै यो भन्न

सक्नुहुन्छ संन्यासीले त भन्न सक्दैनन्। यी गीताका शब्दहरू हुन्। सबै धर्मावलम्बीलाई भन्नुहुन्छ– अशरीरी भव। अब नाटक पूरा हुँदैछ। सबैलाई मन्त्र मिल्छ– देहसहित देहका सबै सम्बन्ध त्यागेर म एकलाई याद गऱ्यौ भने तिमी मेरो पासमा आउँछौ। मुक्ति पछि जीवनमुक्ति अवश्य छ। मुक्ति हुँदै जीवनमुक्तिको पद छ, जो सतो, रजो तमोबाट पास हुन्छन्। ज्ञान कति राम्रो छ। तर बच्चाहरूले एक कानबाट सुनेर अर्को कानबाट निकालिदिन्छन्। छन त धेरै सजिलो छ।

तिमी ठाउँ-ठाउँमा प्रदर्शनी गर, अखबारमा पनि छापियोस्। खर्च गर्न सक्छौ। ठिकै छ, सबैले सुनून्। अखबारमा त अवश्य राख्नु पर्छ। बच्चाहरूलाई धेरै नशा रहनु पर्छ। बाँकी समय सारै कम बचेको छ। अतीन्द्रिय सुखको भासना गोप-गोपिनी सँग सोध। गाइएको छ– यी गोपी वल्लभका गोप-गोपिनीहरू हुन्। गोप-गोपिनी न सत्ययुगमा, न कलियुगमा हुन्छन्। वहाँ लक्ष्मी देवी, राधे देवी हुन्छन्। गोप-गोपिनी अहिले छन्, गोपी वल्लभका बच्चाहरू नाति-नातिना हुन्। अवश्य दादा पनि हुनु पर्छ। दादा, बाबा र मम्मा– यो नयाँ रचना भयो संगममा। बाबा भन्नुहुन्छ– म कल्प-कल्प, कल्पको संगमयुगे आउँछु नयाँ दुनियाँ बनाउन। आसुरी सन्तानबाट तिमी ईश्वरीय सन्तान बनेका छौ फेरि बन्छौ दैवी सन्तान। फेरि क्षत्रिय, वैश्य, शूद्र सन्तान बन्छौ– ८४ जन्ममा। फेरि साथ-साथै वृद्धि पनि भइरहन्छ। वृक्ष पनि पूरा कम्प्लिट हुनु पर्छ। प्रलय पनि हुँदैन। भारतवर्ष त अविनाशी खण्ड हो। यसको धेरै महिमा छ। भारतखण्ड सबै खण्डहरूमा श्रेष्ठ हो। विनाश कहिल्यै हुँदैन। अच्छा।

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति मात-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**रात्रि क्लास: १६-०४-१९६८**

तिमी ब्राह्मण बच्चाहरू बाहेक अरू कसैलाई यो थाहा छैन– संगम युग कहिले हुन्छ। यस कल्पको संगम युगको महिमा धेरै छ। बाबा आएर राजयोग सिकाउनु हुन्छ। सत्ययुगको लागि त अवश्य संगम युग नै आउने छ। हुन् पनि मनुष्य। तिनीहरूमा कोही कनिष्ट, कोही उत्तम छन्। उनीहरूको अगाडि महिमा गाउँछन्– हजुर पुरुषोत्तम हुनु हुन्छ, हामी कनिष्ट छौं। आफैं बताउँछन्– म यस्तो हुँ, यस्तो हुँ। अहिले यस पुरुषोत्तम संगमयुगलाई तिमी ब्राह्मण बाहेक कसैलाई पनि थाहा छैन। यसको विज्ञापन कसरी गर्ने जसद्वारा मनुष्यहरूलाई थाहा होस्। संगमयुगमा भगवान् नै आएर राजयोग सिकाउनु हुन्छ। तिमीलाई थाहा छ, हामी राजयोग सिकिरहेका छौं। अब यस्तो के युक्ति रच्ने जसद्वारा मनुष्यलाई थाहा होस्। तर बिस्तारै हुन्छ। अझै समय छ। बहुत गई थोडी रही...। हामीले भन्यौं भने मनुष्यले चाँडै पुरुषार्थ गर्नेछन्। नत्र ज्ञान त सेकेन्डमा मिल्छ, जसद्वारा त्यसै समयमा सेकेन्डमा जीवनमुक्ति पाउँछन्। तर तिम्रो शिरमा आधा कल्पको पाप छ, त्यो सेकेन्डमा कहाँ मेटिन्छ र? यसमा त समय लाग्छ। मनुष्य सम्झन्छन् अझै समय छ, अहिले हामी ब्रह्माकुमारीहरूको पासमा किन जाने? साहित्यबाट उल्टो पनि बुझ्न सक्छन्। भाग्यमा छैन भने उल्टो बुझ्नेछन्। तिमी सम्झन्छौ– यो पुरुषोत्तम बन्ने युग हो। हीरा जस्तै गायन छ। फेरि कम हुँदै जान्छ। गोल्डन एज, सिल्वर एज। यो संगम युग हो डायमण्ड एज। सत्ययुग हो गोल्डन एज। यो तिमीलाई थाहा छ– स्वर्ग भन्दा पनि यो संगम राम्रो हो, हीराजस्तो जन्म हो। अमरलोकको गायन छ नि। फेरि कम हुँदै जान्छ। त्यसैले यो पनि लेख्न सक्छौ– पुरुषोत्तम संगमयुग हो डायमण्ड, सत्ययुग हो गोल्डन, त्रेता हो सिल्वर...। यो पनि तिमी सम्झाउन सक्छौ– संगममा नै हामी मनुष्यबाट देवता बन्छौं। अष्ट रत्न बनाउँछन् नि। त्यहाँ हीरालाई बीचमा राखिन्छ। संगमको शो हुन्छ। संगमयुग हो नै हीराजस्तो। हीराको मान संगमयुगमा छ। योग आदि सिकाउँछन्, जसलाई स्प्रीचुअल योग भनिन्छ। तर स्प्रीचुअल त बाबा नै हुनु हुन्छ। रूहानी बाबा र रूहानी

ज्ञान संगममा नै मिल्छ। मनुष्य जसमा देह-अहंकार छ, उनीहरू यति छिटै कसरी मान्छन्। गरिब आदिलाई सम्झाइन्छ। त्यसैले यो पनि लेख्नु छ, संगमयुग इज डाइमन्ड। यसको आयु यति। सत्ययुग गोल्डन एज र यसको पनि आयु यति। शास्त्रहरूमा पनि स्वस्तिका बनाउँछन्। अब तिमी बच्चाहरूलाई पनि यो याद रह्यो भने कति खुसी रहन्छ! विद्यार्थीहरूलाई खुसी हुन्छ नि। विद्यार्थी जीवन सर्वोत्तम जीवन हो। यो त सोर्स अफ इन्कम हो। यो हो मनुष्यबाट देवता बन्ने पाठशाला। देवताहरू त विश्वको मालिक थिए। यो पनि तिमीलाई थाहा छ। त्यसैले अथाह खुसी हुनु पर्छ, त्यसैले गायन छ अतीन्द्रिय सुख गोपीवल्लभका गोप-गोपिनी सँग सोध। शिक्षकले अन्त्यसम्म पढाउनु हुन्छ भने उहाँलाई अन्तिमसम्म याद गर्नु पर्छ। भगवानले पढाउनु हुन्छ अनि फेरि साथमा लिएर पनि जानेहुन्छ। पुकार्छन् पनि लिबेरेटर गाइड। दु:खबाट छुटाउनुहोस्। सत्ययुगमा दु:ख हुँदै-हुँदैन। भन्छन्– विश्वमा शान्ति होस्। भन– पहिले कहिले थियो? त्यो कुनचाहिँ युग थियो? कसैलाई थाहा छैन। राम राज्य सत्ययुग, रावण राज्य कलियुग। यो त जान्दछौ नि। बच्चाहरूले अनुभव सुनाउनु पर्छ। अब अरू के सुनाऊ दिलका कुरा। बेहदको बाबा बेहदको बादशाही दिनेवाला मिल्नुभयो अरू के अनुभव सुनाऊँ। अरू कुनै कुरा छैन। यो जस्तो खुसी अरू केही हुन सक्दैन। कोही पनि कसै सँग रिसाएर वास्तवमा घरमा बस्नु छैन। यो त आफ्नो तकदिर सँग रिसाउनु जस्तै हो। पढाइ सँग असन्तुष्ट भएर के सिक्ने? बाबाले पढाउनु हुन्छ नै ब्रह्माद्वारा। त्यसैले एक अर्को सँग कहिल्यै रिसाउनु छैन। यो हो माया। यज्ञमा असुरहरूको विघ्न त पर्छ नि। अच्छा–

मीठे-मीठे रूहानी बच्चाहरूप्रति रूहानी बापदादाको याद-प्यार एवं गुडनाइट। रूहानी बच्चाहरूलाई रूहानी बाबाको नमस्ते।

**धारणाको लागि मुख्य सार:–**

१) बाबा जो सुनाउनु हुन्छ, त्यसलाई एक कानबाट सुनेर अर्कोबाट निकाल्नु हुँदैन। ज्ञानको नशामा रहेर अतीन्द्रिय सुखको अनुभव गर्नु छ।

२) सबैलाई सेकेन्डमा मुक्ति-जीवनमुक्तिको अधिकार दिनको लागि यही महामन्त्र सुनाउनु छ– देह सहित देहका सबै सम्बन्धलाई त्यागेर बाबालाई याद गर्नु छ।

**वरदान:– ब्रह्मा बाबालाई अनुसरण गरेर फस्ट ग्रेडमा आउने बाबा समान भव**

सबै बच्चाहरूको ब्रह्मा बाबा सँग धेरै प्यार छ, प्यारको निशानी हो समान बन्नु। यसमा सदा यही लक्ष्य राख– पहिला म, ईर्ष्यावश पहिला म होइन, त्यसले नोक्सान गर्छ। तर फलो फादर गर्नमा पहिले म भनेर गऱ्यो भने पहिलाको साथमा तिमी पनि पहिला हुनेछौ। जसरी ब्रह्माबाबा पहिलो नम्बर बने, त्यस्तै फलो गर्नेवालाले पनि पहिलो नम्बर हुने लक्ष्य राख। जसले सुरुआत गर्छ, ऊ नै पहिलो नम्बर, अर्जुन बन्छ। सबैलाई पहिलो नम्बरमा आउने मौका छ। फस्ट ग्रेड बेहदमा छ, कम छैन।

**स्लोगन:–** सफलता स्वरूप बन्नु छ भने स्व-सेवा र अरूको सेवा साथ-साथै गर।